दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३१ | बुटवल | २०८१ माघ १२, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Jan 25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# सिद्धबाबा सुरूङमार्ग ब्रेक थ्रु र बुटवल–गोरूसिंगे ६ लेन सडक एकसाथ शिलान्यास

भौतिक प्रगति ४०.१८ प्रतिशत र वित्तीय प्रगति ३९.९० प्रतिशत भएको सुरूङमार्ग आयोजना २०८३ चैतमा र बुटवल-गोरूसिंगे सडक अबको साढे दुई वर्षमा सक्नुपर्ने सम्झौता भएको छ ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-पाल्पा खण्डमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको मुख्य टनेलको शुक्रबार ब्रेक थ्रु भएको छ ।

पाल्पाको तिनाउ गाउँपालिका वडा नं. ३ दोभान नजिकै आयोजनाको बेस क्याम्पमा औपचारिक समारोहकाबिच प्रधानमन्त्री केपी शर्मा ओलीले भर्चुअल माध्यमबाट सम्बोधन गरेपछि ब्रेक थ्रु भएको हो ।

प्रधानमन्त्रीको सम्बोधनपछि ब्रेक थ्रु उत्सवका लागि खन्न बाँकी राखिएको १.८ मिटर भागमा प्राविधिकले ब्लास्ट (विष्फोट) गराएर छिचोलेपछि सुरुङको ब्रेक थ्रु भएको हो । ब्लास्टिङ गरेपछि दक्षिणतर्फ सिद्धबाबा मन्दिर र उत्तरतर्फ तिनाउ जलविद्युत् आयोजनाको हेडबक्सतिरबाट खनिँदै आएको सुरुङ छिचोलिएको छ ।

ब्रेक थ्रु उत्सव समारोहलाई भर्चुअल विधिबाट सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सिद्धबाबा क्षेत्रमा हरेक वर्ष बस दुर्घटना हुने, सवारी साधनहरु पहिरोमा पर्ने समस्याबाट नागरिक पीडित भएको समस्या देखेर त्यसलाई अन्त्य गर्न सुरुङ मार्ग बनाउन सुरु गरिएको बताए । सुरुङ बनेपछि पाल्पा, पोखरालगायतका जिल्लामा आवत जावत गर्न सुक्षित हुने र कुनै समस्या नआउने प्रधानमन्त्रीले उल्लेख गरे ।

प्रधानमन्त्रीले अहिलेको संयुक्त सरकारले सुशासन र विकासमा ध्यान दिएको जिकिर गरे । उनले छोटो समयमै सुरुङको ब्रेक थ्रु अवस्थामा ल्याइपुऱ्याएको भन्दै चिनियाँ निर्माण कम्पनीलाई धन्यवाद दिए । यसअघि थानकोट-नागढुङ्गा सुरुङमार्ग ब्रेक थ्रु भएको र नेपाल सुरुङ्युगमा प्रवेश गरिसकेकाले त्रासको वातावरणमा यात्रा गरिहनुपर्ने अवस्था अन्त्य भई सहज र छोटो मार्गबाट यात्रा गर्न सक्ने स्थितिमा पुगेको प्रधानमन्त्री ओलीले बताए ।

"सुरुङमार्ग ब्रेक थ्रु हुनु सिङ्गै देशको खुसीको कुरा हो । अब नेपाल हिजो झैं दुर्गम भन्ने रहेन । हामीले यसलाई अझ सुगम बनाउनुछ,' प्रधानमन्त्री ओलीले भने-'मुलुकमा शिघ्र विकास र सुशासन दिन अहिलेको सरकार तल्लीन छ । हामी अरुको पनि सहयोग लिन्छौँ र हामी बनाउँछौँ, हाम्रो देश । देशलाई फाइदा हुने कुराहरुमा सरकारको ध्यान जानेछ । हाम्रा प्रयासहरु यसैतर्फ केन्द्रित छन् ।'

सुरुङ आयोजनाको भौतिक प्रगति ४०.१८ प्रतिशत र वित्तीय प्रगति ३९.९० प्रतिशत भएको आयोजना प्रमुख कृष्णराज अधिकारीले बताए ।

सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको दोभानदेखि सिद्धबाबासम्म अग्लो भीर र चट्टानी पहाड भएकाले सिद्धबाबा सडक खण्डमा बर्खा र हिउँदमा अत्यधिक पहिरो झरिरहन्छ । यो खण्डको झण्डै ४ किलोमिटर सडक बर्खा र हिउँदमा सधैँ पहिरोको उच्च जोखिममा पर्ने गरेको छ । सोही जोखिमलाई मध्यनजर गरी सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाएको हो ।





७ अर्ब ३४ करोड २१ लाख रुपैयाँको लागतमा चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सुरुङमार्ग निर्माणको काम गरिरहेको छ । निर्माण कम्पनीसँग भएको ठेक्का सम्झौताअनुसार २०८३ चैतभित्र सुरुङमार्गको काम सम्पन्न गर्नुपर्ने छ ।

टनेलको ब्रेक थ्रु भएपछि सुरुङभित्रको भूईं र भित्ता ढलान (लाइनिङ), गाडी गुड्ने क्षेत्र निर्धारण गरेर पेभमेन्ट ढलान, विद्युतिकरण, भेन्टिलेसन, नालीलगायतका कामहरू सुरु गरिने आयोजना प्रमुख अधिकारीले बताए ।

सिद्धबाबा सुरुङ मार्ग आयोजना २०७८ सालमै सुरु भएको हो । सुरुङ मार्ग २२ मार्च २०२७ मा सक्नुपर्ने सम्झौतामा उल्लेख छ । अहिले दैनिक डेढ सयदेखि दुई सयजना कामदारले काम गरिरहेका आयोजनाले जनाएको छ । सुरुङ खनेर सुरक्षाका लागि गरिने कामका साथै बाटो फराकिलो पार्नेसहित अन्य काम सुरु भइसकेको आयोजनाले जनाएको छ ।

इञ्जिनियरिङ, 'प्रोक्योरमेन्ट एन्ड कन्स्ट्रक्सन (इपीसी) मोडलको ठेक्का भएकाले यसअन्तर्गतका सम्पूर्ण संरचनाको डिजाइन, निर्माण तथा मर्मतको जिम्मा निर्माण व्यवसायीको रहनेछ ।

आयोजनाअन्तर्गत २ हजार ३ सय ९८ मिटर सडक स्तरोन्नति हुनेछ भने ७ सय ८० मिटरमा रकसेड हुनेछ । आयोजनाअन्तर्गत नै उत्तरी र दक्षिणी प्रवेशद्वारमा दुई प्राविधिक भवनसमेत निर्माण हुने आयोजनाले जनाएको छ । आउँदो वर्षायाममा हुन सक्ने पहिरोको जोखिमलाई मध्यनजर गरी बाहिरको सडक सुरक्षित नहुँदासम्म सुरुङबाटै सवारी साधन गुड्न दिने सोंचमा रहेको आयोजनाले जनाएको छ ।

**बुटवल–गोरुसिंगे सडक शिलान्याश**

यसैगरी शुक्रबार नै बुटवल-गोरुसिंगे सडकलाई ६ लेनमा स्तरोन्नति गर्ने कार्यको शिलान्यास भएको छ ।

तत्कालीन राजा महेन्द्रको पालामा २०१९ सालमा बनेको पूर्वपश्चिम राजमार्गअन्तर्गत बुटवल-गोरूसिङ्गे सडकखण्ड ५० किलोमिटर लामो छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सिद्धबाबा सुरुङ मार्गको ब्रेक थ्रु र बुटवल-गोरुसिंगे सडक स्तरोन्नतिको भर्चुअल सम्बोधनमार्फत् एकसाथ शिलान्यास गरेका हुन् ।

**बुटवल–नारायणगढ खण्डमा जस्तो सास्ती नहोस् : पौडेल**

सडक शिलान्यासका क्रममा उप-प्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बुटवल-गोरुसिंगे सडक विस्तारको क्रममा बुटवल-नारायणगढ खण्डमा जस्तो सवारी साधन र यात्रुलाई सास्ती नहुने गरी काम गर्न सम्बन्धित निकायलाई निर्देशन दिइसकेको बताए । 'पहिले सर्भिस लेन, फुटपाथ,कल्भर्टहरु बनोस् त्यसपछि मात्र बिचको पीच भत्काउन सुझाव दिएका छौं, आयोजना प्रमुखले पनि मान्नुभएको छ,' पौडेलले भने-'समय र लागत नबढ्ने गरी गुणस्तरीय काम हुनुपर्छ, यसमा स्थानीय पालिकार नागरिक समाजले निरन्तर निगरी र खबरदारी गर्नुपर्छ ।'

सडक निर्माणका लागि चाहिने नदीजन्य पदार्थ पारदर्शी र विधिसम्मत ढंगले सहजरुपमा आयोजनालाई उपलब्ध गराउन अर्थमन्त्री पौडेलले आयोजना क्षेत्रका स्थानीय तहलाई आग्रह गरे ।

समारोहमा उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंह, भौतिक पूर्वाधार विकास मन्त्री देवेन्द्र दाहाल, लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य, मन्त्रालयका केशवकुमार शर्मा, महानिर्देशक रामहरि पोखरेलले बुटवल-गोरुसिंगे सडक अहिलेसम्मका सडकमध्ये वातावरणमैत्री, वन्यजन्तुमैत्री र स्मार्ट सडक हुने बताएका थिए ।

बुटवल-नारायणगढ सडक खण्डमा जस्तो सवारी साधन र यात्रुहरुलाई सास्ती नहोस् भनेर बुटवल-गोरुसिङ्गे सडक विस्तार गर्दा अहिलेको पिच नभत्काई सुरुमा दायाँ-बायाँतर्फको लेन बनाइसकेर मात्र बिच भागको सडक भत्काउने तयारी छ ।

» बाँकी ३ पेजमा

## रवि लामिछानेको थुनछेक आइतबार हुने



भैरहवा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको थुनछेक हेर्दाहेर्दैमा राखिएको छ । बुधबारबाट जारी बहस नसकिएपछि आइतबारका लागि मुद्दा हेर्दाहेर्दैमा राखिएको श्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले जानकारी दिए ।

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणको बयानका लागि लामिछाने गत बुधबार रुपन्देही जिल्ला अदालतमा उपस्थित भएका थिए । न्यायाधीश प्रल्हादकुमार योगीको इजलासमा बुधबार दिनभर बयान भएको थियो भने बिहीबारबाट थुनछेक बहस भइरहेको छ ।

बिहीबार ८ जना सरकारी वकिलहरूले बहस गरेका थिए । शुक्रबार सुरुमा जाहेरवालाका तर्फबाट वकिलहरूको बहस भएको थियो । त्यसपछि प्रतिवादीका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सुशिल पन्त र सुरेन्द्र थापाले बहस गरेका छन् ।

उनीहरूको बहस नसकिएपछि आइतबार पुनः अदालत उपस्थित हुने शर्तमा रविलाई परिवारको जिम्मा लगाइएको छ । थुनछेक बहस सकिएपछि जाहेरवाला र प्रतिवादीतर्फका वकिलहरूले जवाफी बहस गर्नेछन् । त्यसपछि अदालतले आदेश जारी गर्नेछ ।

## ओली सरकार असंवैधानिक : प्रचण्ड



**लुम्बिनी संवाददाता**
*दाङ*

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले अहिले सरकारको नेतृत्व गरिरहेकाहरूले आफैँ माथि अनुसन्धान गरेर देखाउन चुनौती दिएका छन् ।

पार्टीको तुलसीपुर नगर कमिटीले आयोजना गरेको तेस्रो नगर अधिवेशन उद्घाटन तथा खबरदारी सभालाई सम्बोधन गर्ने क्रममा अध्यक्ष प्रचण्डले सो चुनौती दिएका हुन् ।

'मैले सरकारमा रहेर आफ्नो अर्काको नभनी कारबाहीको प्रक्रिया अघि बढाएँ । अनुसन्धान खटिएका अफिसरहरूलाई अनुसन्धान गर्दै जाँदा प्रचण्ड नै देखिए पनि कारबाही अगाडि बढाउनु भनेँ,' प्रचण्डले सम्बोधनको क्रममा भने-'म चुनौतीका साथ भन्न चाहान्छु । अहिले सकारको नेतृत्व गर्नेले मैले झैँ आफैँलाई अनुसन्धान गरेर देखाउनु ।' प्रचण्डले आगामी निर्वाचनमा माओवादी केन्द्रलाई बहुमत दिन अपिल पनि गरेका छन् ।

त्यो बहुमतले यो देशबाट भ्रष्टाचारलाई जरैदेखि उखेलेर फाल्ने प्रचण्डले बताएका छन् ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ माघ १२, गते शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

जिन्दगीका घुम्तीहरूमा
समयले साथ दिएन भने दुर्घटना हुन सक्छ
आँखाहरू शक्तालु हुन सक्छन्
केही सपनाहरू
केही बिपनाहरूबाहेक
मान्छेहरूसँग हुन्छ नै के ?

– भीम विराग

('शङ्कालु आँखाहरू' कविताबाट)

पुस्तक अंश

# नागाहरूको जनजीवन



**दिल साहनी**

*(साहित्यकार दिल साहनी लामो समय पूर्वोत्तर भारतको आसाममा सक्रिय जीवन बिताउनुभयो । पूर्वोत्तर भारतमा पुर्खौंदेखि ठूलो सङ्ख्यामा नेपालीहरूको बसोबास रहेको छ । नेपाली भाषीहरू साहित्य र कलामार्फत् आफ्नो पहिचान स्थापित गरिरहेका छन् । पूर्वोत्तर भारतमा सक्रिय साहित्यकारहरूबारे साहनीले 'साप्ताहिक समकालीन'मा लेखहरू लेख्नुभयो । ती लेखहरूको सङ्ग्रह 'पूर्वोत्तर भारतको समकालीन नेपाली साहित्य' यहीं माघ १६ गते विमोचन हुँदैन । उक्त पुस्तकको एउटा पाठ पाहुरका पाठकको लागि यहाँ प्रस्तुत छ ।)*

द्वितीय विश्व युद्धताक नागालैण्डका सबै स्कूलहरू बन्द भए । स्कूलका शिक्षकहरूलाई बर्माबाट जंगलै जंगलको बाटो हुँदै भागी आएका भारतीय शरणार्थीहरूको उद्वारको निम्ति खटनपटन गरियो । त्यतिबेला जापानी आक्रमणबाट बच्न भारतीय नागालैण्ड, मणिपुर, अरुणाचल प्रदेश हुँदै भारतमा प्रवेश गर्ने गर्दथे । धनबहादुर सोनार आफ्नो साथी (पछि सम्धी) हरिप्रसाद गोर्खा राईसित शरणार्थीहरूको उद्वार कार्यमा खटिए । खाद्य सामग्री बोक्नको निम्ति नागा भरियाहरू अघि सारिएका थिए ।

आफ्नो अनुभव बताउँदैद सोना भन्दछन्– उनीहरू दिनको पन्ध्र, बीस माइलको दरले हिंड्दथे र राति नागाहरूका बुकुरा खोजेर बास बस्दथे । नागा बस्तीहरू सबभन्दा अग्ला ठाउँमा हुने गर्दथे । यसले गर्दा उनीहरूलाई शत्रुमाथि आक्रमण गर्न र आफू शत्रुको आक्रमणबाट बच्न सजिलै हुन्थ्यो ।

आफ्नो विगतको अनुभव बताउने क्रममा नागाहरूको जीवनको चर्चा गर्दै धनबहादुर सोनार भन्दछन्– मेरोली भन्ने नाङ्गोरेङमा नागाको बस्तीमा हामी पुग्यौं । त्यो बस्ती झन् सबैभन्दा अग्लो पहाडमा थियो । हामी नदी तरेर बिहानदेखि नै पहाड चढ्न थाल्यौं । सबै नागा जातिका तरुणी अविवाहितहरूका लागि बस्तीभित्र एकठाउँको ठूलो र लामो टहरो झैं घर बनाइएको हुन्छ । हामीलाई बस्तीकाले त्यही सुत्न भनी दिए । युवकहरू आफ्ना आफ्ना अस्त्र धनु, काँड, भाला र दाउ (काट्न हतियार) साथमा राखेर सुत्छन् । कथंकदाचित् कतै शत्रुहरूले बस्तीमा आक्रमण गरेका खण्डमा युवकहरू लड्न अघि सर्छन् नत्र भने युवकयुवतीहरूले नाचगान गरी रमाइलो गर्छन् । बिहान भए पछि उठेर आफ्नो घर जान्छन् र दिनभरि खेतीपाती त कतै जंगलमा दाउरा आदि लिन नभए घरको काममा व्यस्त रहन्छन् ।

उनी अगाडि भन्दछन्– "नांगे नागाहरू साँच्चिकैमा नांगै बस्दथे । आइमाई मान्छेहरूले हामीलाई कतै भेट्दा नाकका प्वाल औंलाले थन्थे । हामीले यसबारे सोधपूछ गर्दा थाहा लाग्यो– हाम्रो नुवाई धुवाई गरेको परिस्कार शरीर र लुगाहरू अत्यन्त दुर्गन्धयुक्त हुन्छन् र नाक थुनेको तर लाजले होइन । उनीहरू सानादेखि लिएर बुढो होइन्जेलसम्म नांगै बसेकाले गर्दा हामीलाई आश्चर्य मानी हेर्दथे-हामीहरूले लुगा लगाएको देख्दा ।" सोनार भन्दछन्– ती जंगली नागाहरूले उनीहरूको ठूलो आतिथ्य सत्कार गरे । एकजनाले त उनीहरूलाई बाटो देखाइदिने जिम्मेवारी समेत लियो ।

सोमरा भन्ने बस्तीमा पुगेर शरणार्थी शिविर खडा गरेका धनबहादुर सोनारले आफ्नो अनुभव र त्यतिबेलाको वस्तुस्थितिको चर्चा चलाउँदै अगाडि भन्दछन्– "बर्मादेखि एकसय मान्छे हिंडेर आउन थालेपछि शरणार्थी शिविरमा आइपुग्दा चार, पाँचजनामात्र बाँचेर आइपुगेका हुन्थे । धेरैजसो शरणार्थी हुन्थे । धेरैजसो शरणार्थीहरू तिर्खा, भोक र बिमारले गर्दा मरेका हुन्थे । बर्मामा धेरै नेपालीहरू छन् भन्ने सुनेको थिए तर म बसुञ्जेलसम्म बर्माबाट भागेर आउने शरणार्थीहरूबीच तीनजना नेपालीमात्र आएका थिए- भोक र तिर्खाले मरे समान भएर । सोध्दा थाहा पाए धेरैजसो शरणार्थीहरू रगतमासी र भोक कष्टले मरेका रहेछन् । एकजना नेपाली शरणार्थी हाम्रै शिविरमा आएर मरे रगतमासीले । धेरैजसो ईण्डियन र सरकारी नोकरी गर्नेहरू थिए । कारोबार गर्ने धेरै भारतीयहरू थिए । ती शरणार्थीहरूसँग आएका तीनजना शरणार्थीहरूलाई मैले फेरि सोधें– नेपालीहरू उताबाट किन भागेर आएनन् ? जवाफमा भने– आफ्ना घर जमीन छोडेर आउनुभन्दा बरु बर्मामा मनु निको भन आएनन् । जतिपनि आएका थिए बाटैमा मरे ।"

सोनारे भन्दछन्– बर्मामा जापानीहरूको पूर्ण कब्जा भइसकेपछि शरणार्थीहरूको भागेर आउने क्रम रोकिन पुग्यो र उनीहरूलाई कोहिमाको डिसीको आदेश अनुसार भारत फर्किनु पऱ्यो ।

भारतीय शरणार्थीहरूको सेवा गरेर घर फर्केको एक महिना नपुग्दै कोहिमाको डिसीले धनबहादुर सोनारलाई एउटा पत्र काटे जसमा लेखिएको थियो– तिमी भोलि बिहान भी.फोर्सका कमाण्डेण्ट कर्नल बिनेको कार्यालयमा जानु अनि कार्यमा योग पुऱ्याउनु अन्यथा तिमीलाई डिफेन्स इण्डिया रुल्स मुताविक सास्ति दिइने छ ।"

सोनार अगाडि भन्दछन्– "भोलि बिहानै म भी.फोर्सका अफिसमा गएर हाजिर पनि भएँ । कमाण्डेण्टले मलाई भने– तिमी बर्मा पुगेर आएछौ । हाम्रो काम पनि उतै छ । तिमीले हाम्रो फौजसँग इन्टलिजेन्स (गुप्तचर) को काम गर्नुपर्छ । हाम्रो काम चाहिं लडाईं गर्ने होइन्, तर परिआएको खण्डमा आत्मरक्षाको लागि हतियार चलाउनु पर्नेछ । त्यहाँका गाउँ घरमा गएर त्यहाँका मानिसहरूसँग सम्पर्क राखी त्यतातिरको परिस्थितिबारे सरकारलाई जनाउनु पर्नेछ । तिमीले हाम्रो आसाम राईफल्सदेखि बनाएको भी.फोर्ससँग बर्मामा गएर हाम्रो निर्देशन अनुसार काम गर्नुपर्छ । तिम्रो खाना र तलब हामी दिनेछौ । भोलि हाम्रो फौजसँग तिमी जानुपर्नेछ । भोलि तयार भएर आउनु र आदेश लिनु ।"

बर्माको जंगलमा रहेर काम गर्दाको आफ्नो अनुभवको पोको फुकाउँदै धनबहादुर सोनार भन्दछन्– "शत्रुपक्षका गुप्तचरहरू गाउँ घरमा पसेर हाम्रो गतिविधि बुझ्दै र चहार्दै गरेका हुनाले हामीले मान्छेको बासस्थान र मान्छेले प्रयोग गर्ने बाटो त्यागेर जंगल नै मंगल सम्झी जंगलै जंगल हिंड्दै जंगलमै बास बसी आफ्नो काम गर्न थाल्यौं । त्यतिबेला कम्पास नै हाम्रो पथप्रदर्शक थियो । जंगली जनावरभन्दा हामी पराक्रमी थियौं र नै हामीलाई कुनै जनावरको पनि डर थिएन । साप, किरा र मच्छरसँग भने हामीलाई डर थियो तर त्यो डरदेखि पनि हामी जोगिएर हिंड्यौं । ठाउँ ठाउँमा हात्तीको बथान हिंडेर बनाइएको बाटो नै हाम्रो हुन्थ्यो । मर्नुको डर अलिकति पनि थिएन । शत्रुको हातमा नपरौं भन्ने सतर्कता हामीहरूमा सदा रहन्थ्यो । हामीले यस्तो जंगलमा प्रवेश गरेका थियौं जहाँ कतै लहराहरूले भरिएको ठाउँ हुन्थ्यो त कतै सुगन्धी झारहरू भरिएको ठाउँ हुन्थ्यो, जुन झारहरू बसाउदाँ मात लागेर टाउको दुख्ने बनाउँथे । ठाउँ ठाउँमा हामीले यस्तो ठाउँ पनि भेटेयौं, जहाँ रुखहरूको बाक्लोपनले गर्दा घामको किरण पनि छिर्न नसक्ने अनि दिउँसै पनि अँधेरो हुने ।

हजारौं वर्षदेखि उभिएका ठूला ठूला रुखहरूका हाँगा बिंगाहरू र पातहरू भूईंमा कुन्नि कहिलेदेखि वर्षैपिच्छे खस्दै झर्दै र खप्टिएर पातमाथि पात हुँदै छापिएर बस्दा त्यो ठाउँ भग्दावशेष घरको छानामाथि झ्याउ लागेको जस्तो देखिने र रुखहरूका फेदमा जम्मा भएका पातहरूप्राकृतिक प्रक्रियाद्वारा आफै स्पञ्जजस्ता भएका जहाँ टेकेर मान्छे हिंड्दा तल र माथि हुने यो मेरो निम्ति त्यतिबेला नयाँ अनुभव थियो । साँच्चि नै हामीहरू कहिल्यै पनि मान्छेको पाउ नपरेको जंगलभित्र हिंडेका थियौं । हिंडेका भएता पनि त्यस जंगलका विराट विराट रुखहरू के का हुन् भनेर मलाई थाहा भएन । अँधेरो जंगल । त्यसैमाथि सिमसिम पानी परिरहने । खुट्टामा जुका उस्तै । किरा, मच्छरले टोकेर कति रगत निल्यो थाहा राख्ने समय थिएन । थकाइ लाग्दा शरीर शिथिल भएर आफूलाई लडाई पठायौं । बस्दा खेरि बस्ने गुँड रोज्ने बेला थिएन । कहिले त थकाई लागेर जतातत‍ै बस्ने हुँदा अजिंगरको ढाडमा पनि बस्यौ-पछि अजिंगर रहेछ भनेर थाहा हुन्थ्यो । थाहा भएर के गर्ने ? त्यति बेला अजिंगरको टाउको कता हो र पुच्छर कता छ भनेर हिसाब गर्ने फुर्सत थिएन ।

सोनार अझ अगाडि बताउँछन्– "चिन्दबिन नदीको पल्लोपट्टि शत्रुहरूले शिविर स्थापना गरेर नदी पार गर्ने मौका खोज्दै गरेको थाहा पायौं । हामी चिन्दबिन नदीको वारि किनारै किनार लुक्दै हिंड्दा पारिपट्टि 'आजाद हिन्द फौज'ले 'दिल्ली चलो' भनेर लगाएको नारा यता पनि सुनिन्थ्यो । त्यहाँदेखि लाउडस्पिकरमा नेताजी सुभाषचन्द्र बोसले दिनुभएको भाषण पनि सुनिन्थ्यो ।"

त्यतिबेलाको एउटा घटनाको चर्चा गर्दै सोनार भन्दछन्– "बिहान उठ्ने बित्तिकै म सुतेको ठाउँमा मैले आफ्नै नाउँमा लेखिएको चिठी पाएँ । चिठी लिफापामा थियो । चिठी उठाएँ । हातमा लिएँ । छक्क परें । खोलेर हेरें । लेखिएको थियो– 'तिमीलाई आजाद हिन्द फौजमा योग दिनु भनेर आह्वान गरेका छौं । तिमी हाम्रो छाउनीमा आएर सामेल हौ । सुप्रिम कमाण्डर आजाद हिन्द फौज, सुभाष चन्द्र बोस ।' मन प्राण विचलित भयो यो पुकारा पढेर, तर म निरूपाय थिएँ । आफ्नो मनलाई बाँधेर भित्रभित्रै आफ्नो समर्थन जनाउँदै मैले त्यो अमूल्य चिठी च्यातेर त्यति नै बेला फ्याँक्न विवश बनें । कारण त्यो चिठी कतै अंग्रेज अफिसरको हातमा पर्छ कि भन्ने मलाई डर थियो । जासुसी काममा हिंड्दा जंगलमा आजा हिन्द फौजका कति कति सिपाहीहरू हामीले भेट्ने गर्थ्यौं, तर उनीहरूलाई केही नगरी छोडिदिन्थ्यौं । गोराहरूले भेटेका भए मार्ने थिए ।"

युद्धको बेलाको आफ्नो अनुभव र स्थितिको चर्चा गर्दै सोनार अगाडि भन्दछन्– "जापानीहरू चिन्दबिन पार भएर आउँदै गरेको थाहा पनि हामीले पायौं । यस सम्बन्धमा प्रधान कार्यालयमा खबर पठाउँदा हामीले तत्कालै हुकुम पायौं– परिआएको खण्डमा गोरिल्ला लडाई गर्दै बाँचेका जति भारत फर्कनु भनेर । म त्यस समयमा खचाञ्जी (फिल्ड केशियर) पनि थिएँ । बर्मा र पहाडी ठाउँमा कागजको पैसा नचल्ने हुनाले चाँदीका रूपैयाँ थैलोको थैलो थियो । हुकुम पाएँ रहेको चाँदीको रुपैयाँ माटोमा गाडेर फर्किनु भन्ने । सो अनुसार रहेका कति लाख चाँदीका रुपैयाँहरू माटोमा गाडे र प्रधान कार्यालयमा खबर दिएँ । त्यसपछि हामीले शिविर त्याग गऱ्यौं । बाटोमा खाने सामान जति बोक्न सकिन्छ बोक्ने कोशिस गऱ्यौं साथै चाहिएका गोलीहरू पनि लिनु जरुरी थियो, लियौं ।

मर्ने बाँच्नेको केही ठेगान थिएन । जंगलमा आगो बालेर खाना पकाउन सकिएन । भोक लागेको बेलामा जे पायौं काँचै खायौं । कहिले जंगलको फलफूल खायौं । खोला नालाको पानी पियौं तर लगातार हिंडिरह्यौं । थकाई छैन, कतै विश्रान्ति छैन, हिंडेका छौं, हिंडेका छौं ।"

यसै क्रममा एउटी बुढीले शत्रुको संकेत नदिएको भए उनीहरूले शत्रुको तातो गोली खानु पर्ने स्थिति उत्पन्न भइसकेको कुरा पनि सोनारले चर्चा गरेका छन् । अर्को ठाउँमा सोनारले के कुराको चर्चा गरेका छन् भने एकपल्ट उनी जंगलमा सुत्दा साथीहरूदेखि छुट्टिन पुगेका थिए । जागेपछि साथीहरूलाई भेट्न दौडिंदा उनीहरूले शत्रु भनेर झण्डै उनलाई गोलीको शिकार बनाएनन् ।

त्यतिबेला उनले ठूलो सतर्कता नअपनाएको भए र बुद्धि नलगाएको भए उनको इहलीला त्यहीं जंगलमा समाप्त हुनपुग्थ्यो । यसरी बर्माबाट भागेर आउनेबेलामा उनी एउटा चिहानमाथि सुत्न पुगेको कुराको चर्चा पनि उनले एक ठाउँमा गरेका छन् । सोनार अघि बताउँछन्– उनी भागेर कोहिमा आएको एक महिनापछि जापानले आत्मसमर्पण गरेको थियो ।

## समयः तिमी कति पानीमा छौं ?

**पारिजात**

सङ्कटकालीन स्थितिमा
सुस्केराजस्तो आवाज निकालेर
ब्यूँझाएँ तिमीलाई
डर थियो निद्रा खल्बलिएकोमा
कतै झर्किन्छौ कि तिमी
तिम्रो पाइतालामा बिझेको
काँढो झिक्नभन्दा पहिले
समान कष्टको अनुभूति होस् भनी
आफ्नै पाइतालामा
पहिले सियो घोचेर हेरैं,
ज्याला कमाउन होइन
सहभागिताको मर्यादा खातिर
कोसौं तिम्रो बोझ बोकेर हिंडे
प्रतिदान स्वरूप
सत्यताको पछ्यौरीमा
केही खस्ने समय
आएको छैन क्यारे !
मनभित्र आँसुको दियो बालेर
श्रमदान गर्नेहरूको निधारमा
टल्किरहेको पसिना पुछिदिने
हातहरू शायद
स्थिर भइसकेका छैनन् क्यारे !
म अकारण दुःखी हुँदोरहेछु
प्रश्नै नसोधी
संवेदनशीलताको बोट
कति हुर्क्यो कति हुर्केन भनी ।
ओल्टेकोल्टे दुवै
काँढाको बिछ्यौनामा सुत्नेलाई
न्यायप्रेमी सजायँ दिन्छ भने
प्रश्न सोध्न अनिवार्य हुन्छ
कि समय !
तिमी अहिले कति पानीमा छौं ?
एकाएक पानी जम्छ र !
एकाएक वाफ बनेर उड्छ र !
कहाँ एकैचोटी फूल फुल्यो !
कहाँ यसै बज्र खस्यो ?
आखिर भेट हुने पुल हालेरै हो
तिमी र म
खुड्किलाहरू बन्ने सुरसार छैन
म बिनसित्ती पल्लो किनाराको
जलधार हेरेर बस्दोरहेछु !
आँखाको आकाशभित्र कतै
यसरी बादलका दुःखहरू
ओइरिन थाल्दारहेछन्,
शायद वर्तमानले जन्माएको यथार्थ हो यो
तरै पनि आँखाहरूले पल्लो किनाराको
जलधार हेर्न कहिल्यै छोड्दैनन्
सत्यताको पछ्यौरीमा पक्कै केही खस्ने विश्वासमा
श्रमदान गर्नेको उदास ओठमा मुस्कान फुल्ने विश्वासमा ।

कविता

# प्यालेस्टिनी मित्रहरूका नाममा

**कृष्ण सेन 'इच्छुक'**

रातो-रातो आलो रगतको निस्सासिँदो दुर्गन्धले भरिएर
मध्यपूर्वीय तातो हावा
सारा ब्रह्माण्डभरि बहिरहेछ
बमको विष्फोट
तोपको गर्जन
र बारुदको धुँवाले
सारा बेरुत सहर खण्डहरजस्तै कुरूप र निर्जन हुँदै गइरहेछ
गाउँका गाउँ बस्तीका बस्ती
उजाड मसानघाटझैं भएका छन्
बाँच्नु र मर्नुको दोसाँधमा
लाखौंलाख निरीह जिन्दगीहरू
आक्रमणकारीहरूको घेराभित्र निसास्सिइरहेछन्
लासमाथि लास ढलिरहेछ
रगतमाथि रगत बगिरहेछ
तुँवालो उडेजस्तो यी रक्तरञ्जित दिनहरूमा
मेरा मित्र तिमीहरू
दिउँसोको काम
रातिको निन्द्रा
र भान्साको छाक छोडेर
कि त आत्मसम्मानले लड्न विवश छौं
कि त असंख्य लासहरूको थुप्रोमाथि
अर्को एउटा लास थपिएर मर्न विवश छौं ।

पवित्र शहिदस्थलजस्तो
सुन्दर-सुन्दर तिम्रो जन्मथलोबाट
जबर्जस्ती बर्बरहरूद्वारा
निष्काशित गरिएका मेरा मित्र तिमीहरूले
आफ्नै खोसिएको देश खोज्नु
तिम्रो कुनै अपराध थिएन
प्यारो-प्यारो तिम्रो घर-दैलो र आँगनबाट खेदिएर
बलजफ्ती लुटेराहरूद्वारा
विस्थापित पारिएका मेरा मित्र तिमीहरूले
आफ्नै गुमेको राष्ट्र खोज्नु
तिम्रो कुनै अपराध थिएन
नाङ्गेझारजस्तै बनाई
देशहीन र राष्ट्रविहीन पार्न खोजे पनि बैरीले
तिनका अघि ज्युँदो स्वाभिमानले
सिङ्गो- सिङ्गो राष्ट्र भएर बाँच्न खोज्नु
तिम्रो कुनै अपराध थिएन
बरु धुरीमाथि पाप चढेको बैरीलाई
तिमीहरूप्रति गरेको आफ्नै अपराधदेखि
रत्तिभर पनि पश्चाताप थिएन ।

विश्वजनमतको घोर उपेक्षा गरेर
ब्वाँसाको धापले निर्दोष जनहरूको नृशंस हत्या गरेर
तिमीमाथि युद्ध थोपरी आक्रमण गर्ने
बौलाएका अटेरी फ्याउराहरूसित
बमको मूस्लो र गोलीका पर्राहरूबिच
आत्मरक्षाका लागि मेरा मित्र तिमीहरू
निर्णायक युद्ध लडिरहेको बेला
शान्तिका नाममा
यहाँबाट आकाशमा परेवा उडाउनुको कुनै अर्थ छैन
पहरा दिएजस्तो चारैतिरबाट अत्याचारीहरूले घेरिएर
आत्मनिर्णयका लागि मेरा मित्र तिमीहरू
न्यायपूर्ण युद्धमा शहीद भइरहेको बेला
फूलपाती सेलाएजस्तै
सदा-सदालाई युद्धबाजहरूको अवसान र
युद्धकै विसर्जन नगरिएसम्म
शान्तिका नाममा
फेरि अर्को युद्धविरामको कुनै अर्थ छैन ।

प्यारा-प्यारा मित्रहरू
हजारौं पर्वत र लाखौं गज परबाट
तिमीहरूसँग युद्धको भूमिमा
बन्दुक बोकेर सामेल हुन नसके पनि
पापीलाई माफी दिनै नसकिने
यो भीषण नरसंहार र
जघन्य रक्तपातका विरुद्धमा
पाँचै औंलाले दह्रो मुट्ठी कसेर
आहत तर क्षुब्ध मनले
चुनौतीभरि बैरीलाई घृणाहरू अफालेर
र म मेरो एउटा हात
तिम्रो समर्थनमा माथि-माथि उठाइरहेछु
र म मेरो अर्को हात
शान्तिका लागि
नीलो ध्वजा बाँधेर हावामा लहराइरहेछु
हामी शान्ति चाहन्छौं
त्यसैले यो अशान्तिका विरुद्ध
लड मेरा बहादुर मित्रहरू, निर्भिक भएर लड
हामी न्याय चाहन्छौं
त्यसैले यो अन्यायका विरुद्ध
लड मेरा वीर मित्रहरू, निर्भिक भएर लड
मर्नैपर्ने जिन्दगीमा मर्नु भनेको केही पनि होइन
वीरहरूको आहुतिले धर्ती शून्य हुने छैन
न त धर्ती बाँझो नै हुनेछ
र तिम्रो त्याग-आत्मबलिदानको गौरवपूर्ण गाथाले
तिम्रो लक्ष्यको पवित्रतालाई अझ चम्किलो पार्नेछ
र यो निश्चित छ
अन्तिम विजय तिम्रै हो
त्यसैले, लड मेरा सङ्ग्रामी योद्धाहरू
अन्तिम घडीसम्म निर्भिक भएर लड
यो अन्यायपूर्ण युद्धको छिनोफानो गरेर
फेरि यहाँ दानवताले लादेको
यो युद्ध नदोहोरिने
यो विध्वंश र यो संहार नदोहोरिने
शान्ति स्थापनाको व्रत लिएर
मानवताको जीतको घोषणा गर ।

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

# २३औँ वार्षिक साधारणसभा



कञ्चन । श्री रुद्रपुर धमिनाताल सामुदायिक वन उपभोक्ता समूह, कञ्चन ३ र ४ सोंगा रुपन्देहीको २३औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभामा समूहका अध्यक्ष पार्वती घर्तीमगरले समूहको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष जानका भट्टराईले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन ।

समूहको साधारणसभालाई सम्बोधन गर्दै कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले कुनै पनि संस्थाको संस्थागत विकास, संस्थाले सञ्चालन गर्ने विभिन्न कृयाकलापको पारदर्शिता र सामाजिक उत्तर दायित्व बहनले निर्धारण गर्ने विचार व्यक्त गरेका थिए । अध्यक्ष ढकालले सामाजिक संघ संस्थाहरुले आफूलाई समस्या पर्दामात्र नभई सहज हुँदा समेत हरेक पक्ष र सरोकारवालाहरुसँगको सहकार्य र समन(वयलाई बिर्सन नहुने बताए ।

यसैगरी डिभिजन वन कार्यालय जिल्ला वन अधिकृत प्रविन बिडारीले सामुदायिक वनको संरक्षण समिति र कर्मचारीहरुको मात्र नभई वनबाट प्रत्यक्ष फाइदा लिने सम्पूर्ण उपभोक्ताहरुको समेत अनिवार्य जिम्मेवारी भएको विचार व्यक्त गरेका थिए ।

कार्यक्रममा कञ्चन गाउँपालिका कार्यपालिका सदस्य सुशिला थापा, नेपाली कांग्रेस कञ्चनका सभापति देवीराम रेग्मी, नेकपा एमाले कञ्चन गाउँ कमिटी अध्यक्ष भानुभक्त भण्डारी, नेकपा एमाले कञ्चन गाउँ कमिटी सचिव उमा गौतम ढकाल, सल्लाहकार यमबहादुर क्षेत्री, दिपक पौडेल, रुद्रपुर सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष हिमाल थापा, मलावरदेवी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शशीधर सापकोटा, जेसीआई कञ्चन वर्ष २०२५ का अध्यक्ष प्रकाश उपाध्याय पौडेल, सल्लाहकारलगायतले शुभकामना दिएका थिए ।

३ हजारभन्दा बढी उपभोक्ता रहेको समूहको साधारण सभा संस्थाका उपाध्यक्ष ठाकुर गौतमको स्वागत तथा संस्थाका सचिव नारायणप्रसाद न्यौपानेको सञ्चालनमा कार्यक्रम सम्पन्न गरिएको हो ।

# आगलागीबाट झण्डै १० लाखको क्षती



स्याङ्जा । स्याङ्जामा तीन ठाउँका गोठमा आगलागी हुँदा झण्डै १० लाख बराबरको क्षती भएको छ । जिल्लाका तीन घरगोठमा भएको आगलागीबाट ९ लाख ८५ हजार बराबरको क्षती भएको हो । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार पौष ४, ८ र १० गते भएको आगालागीबाट उक्त क्षति भएको छ ।

पौष ४ गते हरिनास गाउँपालिका ४ कुलुङखोला बस्ने होमबहादुर भुजेलको गोठ, पौष ८ गते चापाकोट ८ दामाचौरका देवीलाल न्यौपानेको गोठ र पौष १० गते अर्जुनचौपारी गाउँपालिका ५ गैराथर बस्ने सूर्यप्रसाद पौडेलको गोठमा आगलागी भएको थियो ।

हरिनासका भुजेलको गोठमा र अर्जुनचौपारीका पौडेलको गोठमा कुडो पकाउने क्रममा अचानक आगलागी भएको र चापाकोटका न्यौपानेको गोठमा विद्युत् सर्ट भई आगलागी भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी डीएसपी हरिप्रसाद पौडेलले बताए ।

हरिनासका भुजेलको गोठमा आगलागी हुँदा ६० हजार, चापाकोटका न्यौपानेको गोठमा आगलागी हुँदा १ लाख २५ हजार र अर्जुनचौपारीका पौडेलको गोठमा आगलागी हुँदा ८ लाख बराबरको क्षति भएको डीएसपी पौडेलले बताए ।

हरिनासका भुजेल र चापाकोटका न्यौपानेको गोठमा आगलागी हुँदा गोठ र परालको टौवा नष्ट भएको पशुचौपायमा कुनै क्षति भएको छैन ।

यता अर्जुनचौपारीका पौडेलको गोठमा आगलागी हुँदा पशुचौपायसहित परालको टौवा नष्ट भएको छ । पौडेलको आगलागीबाट ठूलो क्षती भएको प्रहरीले जनाएको छ । आगलागीका विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

देवदह औद्योगिक व्यापार मेलाः

# च्याउको परिकार दर्शकको रोजाइमा




देवदह । रूपन्देहीको देवदहमा सञ्चालन भएको ९औं राष्ट्रिय देवदह औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सवमा च्याउको परिकार दर्शकको रोजाइमा परेको छ । मेलामा च्याउबाट निर्माण गरिएका विभिन्न परिकारहरु दर्शकहरुले मन पराएको व्यवसायी शोभा पोखरेलको भनाइ रहेको छ ।

च्याउबाट मःम, सेकुवा, पकौडा, छोइला, चाउमिनलगायतका परिकार निर्माण गरेर बिक्री गरिरहेको व्यवसायी पोखरेलको भनाइ रहेको छ । आफूले विगत ४/५ वर्षदेखि च्याउको व्यवसायी गर्दै आएको बताउँदै कृषकहरुलाई च्याउको बिउ दिने र कृषकले उत्पादन गरेका च्याउ आफूले खरीद गर्ने गरेको उनले बताइन ।

देवदह महोत्सवको पहिलो र दोश्रो दिन च्याउबाट निर्माण गरिएको परिकार राम्रो बिक्री भएको उनले बताइन । किसानहरुले उत्पादन गरेको च्याउ एक सयमा खरीद गरी विभिन्न परिकार बनाएर बेच्ने गरेको उनले बताइन ।

च्याउ व्यवसायीहरु मिलेर सैनामैनामा च्याउको बिउको ल्याव सञ्चालन गर्दै आएको उनले जनाइन ।

यसैगरी महोत्सवमा राखिएका विभिन्न जातजातिको जातीय परिकारका खाना पनि दर्शकको रोजाइमा परेको छ । गुरुङ्ग, मगर, थारु जातिहरुको संस्कृति झल्कने जातीय परिकार बटुक, सेलरोटी, घोगी, मानेरोटी, अचार दर्शकको रोजाईमा परेको हो । सेलरोटी, बटुक, घोगी, मानेरोटीहरु दर्शकको रोजाइमा पर्ने गरेको व्यवसायी कमला दर्लामीले जानकारी दिइन । महोत्सवको पहिलो दिन आफूहरुको सम्पूर्ण बटुक, सेलरोटी बिक्री भएको दर्लामीले जानकारी दिइन ।

महोत्सवले स्थानीय उत्पादनलाई विशेष महत्व दिएको मूलआयोजक समितिका संयोजक कोषबहादुर गुरुङ्गले जानकारी दिए । उनले महोत्सवमा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नको लागि स्थानीय उत्पादन र कृषिका स्टललाई विशेष छुट दिएको संयोजक गुरुङ्गले बताए ।

महोत्सवअन्तर्गत राष्ट्रिय देवदह औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सवमा डान्सिङ्ग आइडल सुरु भएको छ । महोत्सवको दोश्रो दिन सुरु भएको डान्सिङ्ग आइडलमा १४ जनाले आ-आफ्नो प्रस्तुति दिएकोमा ३ जना प्रतियोगिताबाट बाहिरिएको सांस्कृतिक संयोजक पिताम्वर खरेलले जानकारी दिए । महोत्सवअन्तर्गत शनिबार सिङ्गगिङ्ग आइडल सुरु हुने आयोजकले जनाएको छ । सिङ्गगिङ्ग आइएडलमा १३ जनाले प्रतिस्पर्धा गर्ने संयोजक खरेलले जानकारी दिए ।

**सिद्धबाबा सुरूङमार्ग...**

चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जेभीले १३ अर्ब ५५ करोड ९५ लाख ९६ हजार रुपैयाँमा काम पूरा गर्ने गरी गत असार १३ गते ठेक्का पाएका थिए । ठेक्का सम्झौता भएको मितिले तीन वर्षभित्र सडक निर्माण सक्ने सम्झौता छ ।

आयोजनाका अनुसार सडक विस्तार भएपछि शहरी क्षेत्रमा ५० मिटर (६ लेन) , शहरोन्मुख क्षेत्रमा ३७ दशमलव ४ मिटर र जंगल क्षेत्रमा २४ मिटर चौडा (चार लेन) कायम हुनेछ ।

आयोजनाका अनुसार ५० किलोमिटर सडकखण्ड दुई चरणमा २५-२५ किलोमिटरमा विभाजन गरी विस्तार गर्न लागिएको हो । पहिलो चरणका लागि ७ अर्ब ८९ करोड ४३ लाख र दोस्रो चरणका लागि ५ अर्ब ६६ करोड २२ लाखमा ठेक्का लागेको छ ।

पहिलो चरणमा सडक विस्तारसँगै ३० वटा पुल निर्माण हुनेछ भने १४९ वटा कल्भर्ट पनि निर्माण हुनेछ ।

**वन्यजन्तुमैत्री सडक बनाइने**

यो सडकमा गाडी गुडाउन मिल्ने ६ वटा अण्डरपास, पैदल यात्रुका लागि १२ वटा अण्डर पास र ११ वटा ओभरहेड ब्रिज तथा वन्यजन्तु वारपार गर्ने ठाउँमा १९ वटा अण्डर पास बनाइने छ । विस्तारपछि सडक फराकिलो हुने र सवारीसाधनको गति पनि बढी हुने हुँदा वन्यजन्तु आवतजावत गर्दा अवरोध नहोस् र उनीहरूलाई कुनै प्रकारको क्षति नहोस् भनेर वन्यजन्तुमैत्री अन्डरपास बनाउन लागिएको हो ।

जंगल क्षेत्रमा बनाइने १९ अन्डरपासमध्ये सालझन्डी-पिपरा खण्डमा चारवटा र कोइली-घेरुवा-बनगाई-गोरुसिङ्गे खण्डमा १० वटा अन्डरपास बनाइने छ ।

बाक्लो बस्ती भएका सहरी क्षेत्रका चोकहरुमा सडकलाई ५० मिटरमा फराकिलो बनाइने र रणनीतिक सडकहरु जोडिने क्षेत्रमा अध्ययनपश्चात् गाडी नै वारपार गर्न मिल्नेगरी 'भेहिकल अण्डरपास' निर्माण गरिने आयोजनाका कार्यालय प्रमुख इन्जिनियर न्यौपानेले बताइन् ।

रुपन्देहीमा पर्ने जितगढी बेलबास चोक, नयाँगाउँ चोक, तामनगर चोक, सैनामैनाका मुर्गिया बजार र बुद्धनगर चोक तथा कपिलवस्तुको चार नम्बर जीतपुर चोकमा 'भेहिकल अण्डरपास' बनाउनका लागि माटो परीक्षणको काम भएको न्यौपानेले बताइन् । यस्तो 'भेहिकल अण्डरपास' पुल अहिले ललितपुरको ग्वार्कोमा बनिरहेको छ ।

विस्तार हुने सडक क्षेत्रको नापजाँच, सर्भे, विद्युत पोल सार्ने, सडक क्षेत्र मिचेर बनेका संरचना खाली गराउने, माटो परीक्षण र रुख कटानको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

**सात हजार बढी रूख काटिंदै**

सडक विस्तारकै लागि सडक किनारमा रहेका करिव सात हजार बढी रूख काट्न सडक विभागले स्वीकृति दिइसकेको आयोजना प्रमुख कुशलता न्यौपानेले जानकारी दिइन् । उनका अनुसार काटिने रुखमा मार्किङ गर्ने काम सम्पन्न भैसकेको छ । सडक क्षेत्रभित्र बनेका संरचनालाई घर धनीले आफैं भत्काएर क्षतिपूर्ति समेत लिइसकेका छन् ।

ठूलो परियोजना भएकाले पूर्व तयारीका काम धेरै हुने र अन्तर्राष्ट्रिय परामर्शदाताले निर्माण सामग्रीको गुणस्तर परीक्षण गरेर मात्र निर्माणको अनुमति दिएको उनले बताइन् ।

सडक विस्तारका क्रममा आवश्यक पर्ने तयारी अन्तर्गत निर्माण सामग्रीहरु ठाउँ-ठाउँमा भण्डारण गर्ने, सडक क्षेत्राधिकारमा पर्ने संरचनाहरु हटाउने, कटान गर्ने रुखको अन्तिम गणना गर्ने, पुल बनाउने र अण्डरपास हुने स्थानको माटो परीक्षण गर्नेलगायतका काम कतिपय पूरा भएका र कतिपय जारी रहेका इञ्जिनियर न्यौपानेले बताइन् ।

'बुटवल-नारायणगढ सडकमा जस्तो सवारी साधन र यात्रुलाई सास्ती हुन नदिन अहिलेको पिच नभत्काई दायाँ-वायाँ लेनको काम गरेर मात्र बीचको सडक पछि बनाउने तयारी छ ।'–न्यौपानेले भनिन् ।

सडक विस्तार क्षेत्रभित्रका पालिकाहरुले बुटवल-नारायणगढ सडक निर्माणका क्रममा भोग्नुपरेको जस्तो सास्ती फेरि नहोस् भनेर आयोजनाका अधिकारीहरुको ध्यानाकर्षण गराएका थिए ।

बुटवलदेखि गोरुसिङ्गे सम्मको करिब ५० किलोमिटर खण्ड विस्तारको काम पूरा भएलगत्तै कपिलवस्तुको चन्द्रौटासम्मको सडकखण्ड विस्तारको प्रक्रिया अगाडि बढाउने सरकारको तयारी छ । गोरुसिङ्गे-चन्द्रौटा सडकखण्ड १९ किलोमिटर छ । अहिले सो सडकखण्ड डिजाइनको काम भइरहेको छ ।

**ओली सरकार...**

तेस्रो पटक सरकारको नेतृत्व गर्ने अवसर प्राप्त हुँदा आफूले यसअघिका कमिकमजोरीलाई सच्याएर जनताको पक्षमा भ्रष्टाचारविरुद्ध सुशासनको अभियान चालेको उनको दाबी थियो ।

प्रचण्डले कांग्रेस र एमालेले राष्ट्रपति रामचन्द्र पौडेललाई सरकार गठनको बेलामा संविधानको धारा ७६ (२) अनुसार सरकार गठन आह्वान नभए महाभियोग लगाउने चेतावनी दिएर बाध्य पारेको दाबी समेत गरेका छन् ।

उनले आफूलाई राष्ट्रपति स्वयमूले नभनेको भए पनि कांग्रेस एमालेकै नेताहरुले भनेको सुनेको दाबी गरे । उनले ओली सरकार असंवैधानिक भएको दोहोऱ्याए । उनले भने-'मैले विश्वासको मत पाउदिन भन्ने त प्रष्टै थियो । तर, मैले प्रधानमन्त्री हुँदै राष्ट्रपतिलाई संविधानको रक्षा गर्ने तपाईंले नै हो भनेको थिएँ । उहाँले रक्षा गर्ने विश्वास दिनुभएको हो । अहिलेको राष्ट्रपति बनेकै मेरै कारणले, माओवादी केन्द्रकै कारणले रामचन्द्र पौडेल राष्ट्रपति बन्नु भएको हो ।'

उनले माओवादी नभएको भए पौडेल राष्ट्रपति बन्नसक्ने अवस्था नै नरहेको बताए । उनले थपे-'उहाँले ढुक्क रहनुस्, म संविधान मिच्न दिन्न भन्नु भएको थियो, मलाई । तर कांग्रेस र एमालेकै नेताहरुले भनेको मैले सुनेको, राष्ट्रपतिजीले भनेको होइन ।

कांग्रेस र एमालेले संविधान मिच्न चाहनु भएन । नचाहेपछि एमाले नेतृत्वको सरकार बन्ने भएन । त्यो गठबन्धन बन्ने भएन । मैले सुनेको, कांग्रेस एमालेका नेताहरुले भनेको, उहाँहरुले हामीले भनेअनुसार भएन भने ७६ (२) अनुसार नै जानुभयो भने तपाईंलाई महाभियोगको लगाएर निकाल्छौं भनेपछि धर्मसंकटमा पर्नुभयो । कतिसम्म ठूलो चलखेल भएको छ संविधान मिच्नको लागि ।'

## Tilottama Municipality
## Office of Municipal Executive

**Kunjalapur, Manigram,Rupandehi**

# Invitation for Only Electronic Bids/Seal Quotations

**Date of Publication: 2081/10/10**

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from Eligible Bidders for following projects.

| S. N. | Name of Project | Contract ID. | Estimated Amount (with P.S. & VAT ) | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| 1 | Ward No 04 Boundary and Sabha Hall Nirman Karya, Tilottama04, Rupandehi | NCB/TM/W/ 44/081/82 | 3,411,549.0 | 3,000/- | 88,000.00 | 31st day for NCB and 16th day for SQ from Publication, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality ,Office of Municipal Executive, Manigram,Rupandehi |
| 2 | Ward No 8 Boundary and Sabha Hall Nirman Karya, Tilottama08, Rupandehi | NCB/TM/W/ 45/081/82 | 2,924,632.0 | 3,000/- | 75,000.00 | | Account Details. |
| 3 | Ward No 13 and 14 Compound Wall Nirman Yojana, Tilottama13, 14 , Rupandehi | SQ/TM/W/ 46/081/82 | 1,999,756.0 | 1,000/- | 50,000.00 | | NIC Asia Bank, Manigram, Rupandehi |
| 4 | Ward No 16 ma Sabhahall Nirmad tatha Mato patan Karya, Tilottama-16, Rupandehi | NCB/TM/W/ 47/081/82 | 3,413,142.0 | 3,000/- | 88,000.00 | | Rajaswa (Revenue) Khata no:- 1052055499599012, Office Code :- 801054802 |
| 5 | Ward Karyalay Compound Wall, Karyalay Bhitra Marmat tatha Truss Nirman and Simanagar Swasthya Chaukima railing Jadan, Tilottama-03, Rupandehi (Re bidding) | SQTM/W/ 35/081/82 | 1,420,448.0 | 1,000/- | 37,000.00 | | Dharauti Khata no:- A5CA 549959952403 |
| 6 | Ward No 10 Compound Wall, Bijay path Sadak dhalan and Sirjana path nali sahit sadak dhalan, bewara, Tilottama-10, Rupandehi (Re bidding) | SQ/TM/W/ 36/081/82 | 1,662,424.0 | 1,000/- | 43,000.00 | | |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

**Chief Administrative Officer**

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# ‘सरकारले अध्यादेशमार्फत् कालोबजारीलाई प्रोत्साहन गर्‍यो’

बुटवल । उपभोक्ताहित संरक्षण मञ्च लुम्बिनी प्रदेशले सरकारले अध्यादेशमार्फत् ऐन संशोधन गरी कालोबजारीलाई प्रोत्साहन गरेको जनाएको छ । मञ्चले अध्यादेशमार्फत् कालोबजारी तथा केही सामाजिक अपराध ऐन २०३२ मा रहेको २० प्रतिशतभन्दा बढी मुनाफा लिन नपाउने व्यवस्था खारेज गर्दा तत्काल बजारमा आर्थिक अराजकता आउने र उपभोक्ता मारमा पर्ने अवस्था सिर्जना भएको बताउँदै यो अध्यादेश तुरुन्त फिर्ता गर्न मागसमेत गरेको छ ।

उपभोक्ताहित संरक्षण मञ्च लुम्बिनी प्रदेशका अध्यक्ष तेजकुमार पाठकले शुक्रबार एक विज्ञप्ति जारी गर्दै उक्त ऐनलाई समय सापेक्ष बनाउँदै कडाइका साथ लागू गर्नुपर्ने समयमा सरकारले ऐनमा रहेको व्यवस्था नै खारेज गरी उपभोक्तामाथि ठगी गर्ने व्यापारीलाई थप सहज बनाइदिएको बताएका छन् । व्यापारीको स्वार्थअनुसार दफा हटाउँदा अब व्यवसायीले निर्धारण गर्ने अधिकतम खुद्रा मूल्य (एमआरपी)लाई आधिकारिक मान्नुपर्ने र अध्यादेशमार्फत् कार्टेलिङ, कालोबजारी र कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीको मनोबल उच्च बनाउन सरकार सहयोगी बनेको अध्यक्ष पाठकको भनाइ छ ।

‘यसअघि तोकेको प्रतिशतभन्दा बढी मुनाफा गर्ने व्यवसायीलाई कालोबजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ बाट दण्डित गर्ने गरिएको थियो । सरकारले अध्यादेशमार्फत् कालोबजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ को दफा ३ (उपदफा १) झिक्ने निर्णय गरेबाट आम उपभोक्तामा सरकार उपभोक्ताको हितविरुद्ध निश्चित स्वार्थ समूहको पक्षमा अध्यादेशमार्फत् गएको महशुस भएको छ,’ विज्ञप्तिमा भनिएको छ -‘सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई मालवस्तुको अनुचित नाफा लिई बिक्री गरेमा एक वर्षसम्म कैद वा दुई लाख ५० हजारसम्म जरिवाना तोक्न सक्ने उल्लेख थियो । त्यो कानुनी आधार समाप्त हुँदा उपभोक्तामाथि शोषण हुने सम्भावना बढेको छ ।’

२९ पुसमा जारी ‘आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश’मार्फत ‘कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, ०३२’ को दफा ३ (१) हटाइएको छ । जसले महँगी नियन्त्रण गर्ने ढोकासमेत बन्द गरेको छ ।

कालोबजारीसम्बन्धी मूल ऐनमा भएका सबै व्यवस्था कायम रहेको बेला उपभोक्ताले मूल्यमा ठगिएको महसुस गरे आधिकारिक खरिद बिलसहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिने र प्रमुख जिल्ला अधिकारीले अनुसन्धान गरी दोषीलाई कारबाही गर्न सक्ने व्यवस्था थियो । सोही ऐनमा टेकेर पालिकाले पनि उपभोक्ता संरक्षण ऐन बनाएर कालोबजारी र ठगीको अनुमन र नियमन गर्दै आएका थिए ।

‘नेपाली बजारमा कार्पोरेट कल्चरको विकास हुन सकेको छैन । अवसर पाएमा मूल्य वृद्धि गरी शोषण गरिहाल्ने प्रवृत्ति छ । लामो समयदेखि स्वस्थ्य प्रतिस्पर्धाको अभ्यासबाट चल्ने समाजमा कर्पोरेट कल्चर हुन्छ । यो स्वचालित नियम हो । स्वतन्त्र बजारमा माग र पूर्तिका आधारमा स्वतः मूल्य निर्धारण हुन्छ । त्यसर्थ बजारमा राज्यको नियन्त्रण र हस्तक्षेप आवश्यक छैन भन्ने यो अध्यादेशको आशय हो । नेपालमा त्यस्तो कानुन ल्याउनु २/३ वर्ष अघिदेखि नै व्यापक बहस छलफल र सचेतना आवश्यक थियो । पुरानो कानुन र नयाँ कानुन बिचको सङ्क्रमणकाल हुन्छ, त्यो बिचमा उपभोक्तामाथि शोषण हुन सक्छ भन्ने हेक्का नहुनु दुःखको कुरा हो । सरकारलाई हस्तक्षेपरहित स्वतन्त्र बजारको निष्कर्षमा पुग्दा देखिने भयानक चुनौतीहरुको सामना गर्न गाह्रो हुनेछ ।’-विज्ञप्तिमा भनिएको छ ।

अध्यादेशबाट हौसिएर आफ्नो मूल्य आफैँ निर्धारण गर्ने भन्दै सिमेन्टलगायतका वस्तुमा मूल्य वृद्धि हुनुले यसको दुश्प्रभाव तत्काल देखिएको विज्ञप्तिमा उल्लेख छ । बजारमा उपभोक्ताको पक्षमा वस्तु तथा सेवाको मूल्य नियन्त्रण तथा नियमन गर्ने कानुन नहुँदा पर्ने असरबारे गम्भीर हुन र सचेत बन्न सरकारलाई मञ्चले आव्हान गरेको छ ।

# दीप र अक्सफोर्डमा खाना महोत्सव



बुटवल । बुटवलको दीप बोर्डिङ मावि र अक्सफोर्ड माविका विद्यार्थीले खाना महोत्सव सम्पन्न गरेका छन् । दुबै विद्यालयका होटल म्यानेजमेन्टका कक्षा ११ र १२ का विद्यार्थीले आ-आफ्ना विद्यालय प्रांगणमा खाना महोत्सव गरेका हुन् ।

दीपका विद्यार्थीले नेपाली कुजिन र चाइनिज परिकारका १० वटा स्टल राखेका थिए । महोत्सवमा विद्यार्थीले तयार पारेका फाष्टफुडसहित विभिन्न थरिका परिकार अभिभावक र शिक्षकले किनेर खाएका थिए ।

२०७५ सालबाट होटल म्यानेजमेन्ट विषय पढाउन थालेको संस्थाले विद्यार्थीमा जीवन उपयोगी र व्यवहारिक सीप दिलाउन हरेक वर्ष रिजल्ट डेको अवसर पारेर खाना महोत्सव गर्दै आएको विद्यालयका प्राचार्य टिकाराम न्यौपानेले बताए । होटल म्यानेजमेन्ट विषय पढ्ने विद्यार्थीले सजिलै रोजगारी पाउने र आफैँ व्यवसायी बन्न समेत सक्ने भएकाले राम्रो स्कोप रहेको कक्षा १२ का विद्यार्थी असीम क्षेत्रीले बताए ।

यस्तै अक्सफोर्ड मावि बुटवलमा कक्षा ११ र १२ होटल म्यानेजमेन्टका विद्यार्थीको आयोजनामा अन्तर्राष्ट्रिय फुड फेस्टिवल तथा लाइभ कन्सर्ट भएको छ ।

कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य दिनेश भुसालले विगतदेखि नै अक्सफोर्डले रचनात्मक कार्यक्रम गर्दै विद्यार्थीलाई प्रयोगात्मक रूपमा सिक्ने र सिकाउने वातावरण विद्यालयले सिर्जना गरेको बताए । प्राध्यापक सुमन भुसालले फुड फेस्टिवल कार्यक्रम गर्नुको प्रमुख कारण विद्यालयमा सिकेको ज्ञान र सीपको प्रयोगसँगै विद्यार्थीहरुले आम्दानी कसरी गर्न सकिन्छ भन्ने व्यावहारिक ज्ञान समेत दिनको लागि कार्यक्रम आयोजना गरेको बताए ।

खाना महोत्सव कार्यक्रममा विभिन्न ७ वटा देशका खानाका स्टलहरू रहेका थिए । खाना महोत्सवबाट नाफा भएको रकम विद्यार्थीहरूले सामाजिक काममा प्रयोग गर्ने प्राध्यापक सुमन भुसालले जानकारी दिए ।

# बगनासकाली गाउँपालिकाको भवन उद्घाटन




**कृष्ण पोखरेल**
*पाल्पा*

प्रधानमन्त्री केपीशर्मा ओलीले पाल्पाको बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकीय भवन भर्चुअलमाध्यमबाट उद्घाटन गरेका छन् । भवनको उद्घाटन गर्दै प्रधानमन्त्रीले नयाँ भवन बसेर काम गर्दा जुन उत्साह जनप्रतिनिधि, कर्मचारीहरुमा भएको छ, त्यसैगरी जनतालाई खुसी पार्ने काम गर्न अनुरोध गरे । देश विदेशीको कब्जाबाट जोगाउने जिल्लाको रुपमा रहेको पाल्पालाई पर्यटन, ढाका, करुवाबाट आर्थिक रुपमा माथि उठाउन सरकारको पहल रहने प्रधानमन्त्रीले ओलीले बताए । सिद्धबाबा सुरुङमार्ग एमाले सरकारले नै सुरु गरेको, यही सरकारले पाल्पामा सम्पन्न हुने गरी बेक्र थु गरिएको प्रधानमन्त्रीले ओलीले जोड दिए । प्रधानमन्त्री ओलीको स्वास्थ्यका कारण अन्तिम समयमा पाल्पा भ्रमण रद्ध भएको थियो ।

भवन समुद्घाटनमा पुगेका उप-प्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले नयाँ भवनबाट जनताको मन जित्ने गरी काम गर्न आग्रह गरे । केन्द्र सरकार र पालिकाको सहकार्यमा भवन निर्माण कार्य सम्पन्न भएकोले ३ वटै सरकार मिलेर जनता र राष्ट्रहितमा काम गर्नुपर्नेमा उप-प्रधानमन्त्री सिंहले जोड दिए । स्थानीय सरकारसँग मिलेर काम गर्न केन्द्र सरकारको ६० प्रतिशत र स्थानीय सरकारको ४० प्रतिशत लगानी साझेदारी अवधारणा ल्याएको उप-प्रधानमन्त्री सिहंले जोड दिए ।

**पाल्पामा आएर ब्युँताए अर्थमन्त्री पौडेले तिनाउ डाइभर्सन परियोजना**

पाल्पा बगनासकालीको नयाँ भवन शुभारम्भ कार्यक्रममा पुगेका उप-प्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विगतमा विवादित रुपमा रहेको कालीगण्डकी तिनाउ डाइभर्सन कार्यान्वयन गरिने बताउँका छन् । कुरा उठाउँदै उप-प्रधान तथा अर्थमन्त्री पौडेलले लुम्बिनी प्रदेशलाई आर्थिकरुपमा माथि उठाउन सुखी र समृद्ध प्रदेश निर्माण गर्न कालीगण्डकी डाइभर्सन परियोजना अगाडि बढाइने दाबी गरे । राम्दी क्षेत्रमा ड्याम बाधेर २७ किलोमिटर सुरुङ पाल्पाको दोभान तिनाउमा खसाल्ने, तिनाउमा विद्युत् उत्पादनसहित रुपन्देही, नलपरासी र कपिलवस्तुमा सिँचाई सुविधा पुर्‍याउने अर्थमन्त्री पौडेलले बताए । कालीगण्डकी तिनाउ डाइभर्सन परियोजनाको गण्डकी प्रदेशसँगै पाल्पाको रामपुर नगरपालिका, रम्भा गाउँपालिका र निस्दीगाउँपालिकाले विरोध गर्दै आएका छन् ।

उप-प्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मृत्युमार्गबाट चिनिएको सिद्धबाबा क्षेत्रलाई जीवनमार्गको रुपमा सुरुङमार्गले पहिचान दिएको बताए । अब केही समयमै बुटवलदेखि पोखरासम्म सिद्धार्थ राजमार्गलाई डबल डेडिकेटेट सडकको रुपमा विस्तार गरिने अर्थमन्त्री पौडेलले बताएका थिए ।

सिद्धार्थ डेडिकेटेट सडक निर्माणमो क्रममा राजमार्गको विभिन्न ठाउँमा स-साना सुरुङ, पुल तथा घुम्ती सुधार गरी स्तरीय सडक निर्माण गरी सडक यातयातलाई छिटो छरितो र सजिलो बनाइने अर्थमन्त्री पौडेलले बताए । तानसेनको खानेपानी पूर्णरुपमा समाधान गर्न कालीगण्डकी खानेपानी योजना सञ्चालनमा रहेको, अधुरो माडी चक्रपथ निर्माण र लुम्बिनीको हिल स्टेशनको रुपमा विकास गर्न सरकारले अग्रसरता देखाउने अर्थमन्त्री पौडेलले जनाए ।

पौडेलले सरकारले आवश्यकताअनुसारअध्यादेश ल्याई अनेकौँ अवरोधहरू हटाउँदै देशमा लगानी र उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने बताए । कार्यक्रममा भौतिक पूर्वाधारमन्त्री, देवेन्द्र दाहाल, प्रदेश मुख्यमन्त्री चेतनारायण आचार्यलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा पाल्पा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य ठाकुरप्रसाद गैरे, पूर्व प्रदेशमन्त्री वीरबहादुर रानाले पाल्पाको विकास निर्माणमा ध्यानदिन केन्द्र सरकारसँग आग्रह गरे । गाउँपालिका अध्यक्ष सरस्वती चिदीदर्लामीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष हरिप्रसाद पाठकको स्वागत र प्रमुख प्रशासकीय अधिकृत खेमराज छिनालको सञ्चालनमा भएको थियो ।

बगनासकाली गाउँपालिकाको भवन निर्माणको जिम्मा पाएको न्यू ड्रयागन आर एण्ड आ जेभीले २०७८ फागुन ८ गते निर्माण सुरु गरी २०८० फागुन २ गते निर्माण सम्पन्न गरेको बगनासकाली गाउँपालिकाको नवनिर्मित ४ तले भवनमा १९ वटा कोठा रहेका छन् । भवन निर्माण सम्पन्नगर्नका लागि भ्याटबाहेक ५ करोड ६७ लाख ४९ हजार १४७ रुपैयाँ लगानी लागेको छ । जसमा स्थानीय सरकारको ४० प्रतिशत र सङ्घीय सरकारको ६० प्रतिशत हिस्सा रहेको छ ।

# यौन दुर्व्यवहार गर्ने शिक्षक पक्राउ



स्याङ्जा । १५ वर्षीया किशोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा शिक्षक पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले बालयौन दुरुपयोग गरेको आरोपमा वाणगंगा ५ कपिलवस्तुका ३१ वर्षीय नरेश चौधरीलाई पक्राउ गरेको हो ।

गत पुष २६ गते ति किशोरीलाई विद्यालयको कोठामा करणी गर्ने मनसायले बालयौन दुरुपयोग गरेको आरोपमा क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने जाहेरीका आधारमा प्रहरीले चौधरीलाई पक्राउ गरेको जनाएको छ ।

बालयौन दुरुपयोग आरोप लागेका चौधरीलाई प्रहरीले चितवनबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हरिप्रसाद पौडेलले जानकारी दिए ।

पक्राउ परेका चौधरीलाई बालयौन दुरुपयोगसम्बन्धी मुद्दामा जिल्ला अदालत स्याङ्जाबाट म्याद लिएर अनुसन्धान अगाडि बढाइएको सूचना अधिकारी पौडेलले बताए । पीडित किशोरीको नाम र विद्यालयसहित ठेगाना भने प्रहरीले गोप्य राखेको छ ।

**अनलाइन ठगी हुनबाट बचौं**

-अपरिचित नम्बर वा आइडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।
-अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासबर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नदिऔं ।
-बलियो पासबर्ड राखौं र समय समयमा परिवर्तन गरौं ।
-आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं
-अनलाइन ठगी भएको वा नहुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर व्युरोमा उजुरी वा जानकारी गराऔं ।
-अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं ।
-अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

**आकर्षक डिजाइन तथा छपाई**
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com